राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २७१ २०८३ वैशाख २२ गते मंगलवार (5 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिन पराजित



दैनिक समाचारदाता
काठमाडौं, २१ वैशाख । द्रविड मुन्नेत्र कझगम (डीएमके) का प्रमुख एवं तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिन आफ्नै गढ कोलाथुरबाट चुनाव हारेका छन् ।

तमिलनाडुको विधानसभा निर्वाचनमा स्टालिनलाई तमिलगा भेत्री कझगम ( टीभीके) का उम्मेदवार बीएस बाबुले आठ हजार ७९५ मतान्तरले पराजित गरेका हुन् । अन्तिम मतपरिणाम अनुसार बीएस बाबुले ८२ हजार ९९७ मत प्राप्त गर्दा मुख्यमन्त्री स्टालिनले केवल ७४ हजार २०२ मत मात्रै पाए ।

स्टालिन सन् २०११ देखि लगातार कोलाथुर सिटबाट निर्वाचित हुँदै आएका थिए र यसपटक पनि उनको विजयलाई सहज मानिएको थियो । तर, यो पराजयसँगै स्टालिन तमिलनाडुको चुनावी इतिहासमा सत्तामा रहँदै आफ्नै सिट गुमाउने चौथो मुख्यमन्त्री बनेका छन् ।

तमिलनाडुमा बहालवाला मुख्यमन्त्रीले निर्वाचन हारेको यो घटना करिब तीन दशकपछिको पहिलो हो । यसअघि सन् १९९६ को विधानसभा निर्वाचनमा तत्कालीन मुख्यमन्त्री जे जयललिता बरगुर सिटबाट पराजित भएकी थिइन् । त्यसयता कुनै पनि बहालवाला मुख्यमन्त्रीले आफ्नो निर्वाचन क्षेत्र गुमाउनुपरेको थिएन ।

तमिलनाडुको लोकतान्त्रिक इतिहासलाई हेर्दा सन् १९५२ को पहिलो विधानसभा निर्वाचनमा कांग्रेसका पीएस कुमारस्वामी राजा श्रीविल्लिपुथुर सिटबाट पराजित भएका थिए । त्यसपछि सन् १९६७ मा कांग्रेस सत्ताबाट बाहिरिएर डीएमके शक्तिमा आउँदा तत्कालीन मुख्यमन्त्री एम भक्तवत्सलमले पनि श्रीविल्लिपुथुर सिटमै हार बेहोरेका थिए ।

स्टालिन डीएमकेका त्यस्ता पहिलो मुख्यमन्त्री बनेका छन्, जसले सत्ताको नेतृत्व गरिरहँदा पनि आफ्नै सिट रक्षा गर्न सकेनन् ।

# डोजर आतंकले मधेश त्रसित

दैनिक समाचारदाता
जनकपुरधाम, २१ वैशाख । मधेश प्रदेशको वीरगञ्जबाट सुरु भएको अतिक्रमित जग्गामा बनेका घर(टहरा भत्काउने अभियान अहिले सर्लाही, सिरहा, रौतहटलगायत जिल्लामा पनि तीव्र बनेको छ ।

डोजर अभियानका कारण गुठी संस्थान, पर्ती(परात, ऐलानी तथा अन्य अतिक्रमित जग्गामा बसोबास गर्दै आएका सर्वसाधारण त्रसित बनेका छन् । एकातर्फ सरकारविरुद्ध विरोध भइरहेको छ भने अर्कोतर्फ डोजर अभियान तीव्र रूपमा फैलिँदै गएको छ ।

धनुषा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य एवं रास्वपाका प्रवक्ता मनिष झाले धनुषामा पनि तीन महिना भित्रमा अतिक्रमित जग्गालाई खाली गराउने भनिएपनि जनकपुरधाममा पनि ताएिकको हो । केही दिन अघि सरकारको जोडर आतंकलाई लिएर विरुद्ध प्रदर्शन पनि गरिएको थियो ।

यसैक्रममा सर्लाही सदरमुकाम मलङ्गवास्थित मुख्य बजार क्षेत्रमा सडक अतिक्रमण गरेर बनाइएका संरचना सोमबारदेखि भत्काउन सुरु गरिएको छ ।

वडा कार्यालय र



नगरपालिकाले पटक(पटक सूचना जारी गर्दा पनि सडकको 'राइट अफ वे' भित्र निर्माण गरिएका संरचना नहटाइएपछि डोजर प्रयोग गरेर हटाउन थालिएको हो । मलङ्गवा बजार क्षेत्रमा सडकको क्षेत्राधिकार १५ मिटर कायम गरिएको छ ।

१५ मिटरभित्र पर्ने भऱ्याङ, रेलिङ तथा जस्तापाता हटाउने काम सुरु गरिएको मलङ्गवा नगरपालिका(१० का वडाध्यक्ष मुकेशकुमार झाले जानकारी दिनुभयो । उहाँका अनुसार सडक क्षेत्रमा बनेका केही घरसमेत भत्काउने काम जारी छ ।

सडक अतिक्रमण हटाउने अभियानमा नगरप्रमुख नागेन्द्रप्रसाद यादव स्वयं डोजरसहित फिल्डमा खटिनुभएको छ । पूर्वसूचना अनुसार नगरपालिका चोकदेखि मुख्य बजार, पुरानो बसपार्क, जिविस चोक, अदालत हुँदै शिवसागर चोकसम्म सडक तथा नाला अतिक्रमण गरी बनाइएका संरचना हटाइँदै छ ।

नगरपालिकाले अतिक्रमण हटाउन आफ्नै खर्चमा दुईवटा डोजर प्रयोग गरेको छ । सम्भावित प्रतिरोधलाई ध्यानमा राख्दै मलङ्गवा बजार क्षेत्रमा सोमबार बिहानैदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीको बाक्लो उपस्थिति परिचालन गरिएको थियो ।

सदरमुकाम क्षेत्रमा जथाभावी सडक अतिक्रमण भएको गुनासो बढेपछि जनप्रतिनिधि स्वयं सक्रिय भएर अभियानमा उत्रिएका हुन् ।

बजार क्षेत्रमा प्रभावशाली व्यक्तिहरूले समेत अतिक्रमण गरी निजी संरचना बनाएकाले विगतमा अभियान सञ्चालन गर्न कठिनाइ हुँदै आएको थियो ।

तर नयाँ सरकार गठनपछि देशभर अतिक्रमित क्षेत्र खाली गराउने अभियान तीव्र बनेसँगै सर्लाहीको सदरमुकाम मलङ्गवाबाट पनि अतिक्रमण हटाउने अभियान सुरु गरिएको हो ।

## हवाहुरी र वर्षाले जनकपुर प्रभावित

दैनिक समाचारदाता
जनकपुरधाम, २१ वैशाख । जनकपुरधाममा आइतबार बेलुका हुरीबतासहित भारी वर्षा भएको छ । साँझ करिब पाँच बजेदेखि सुरु भएको वर्षा अबेर रातिसम्म जारी रहेको थियो ।वर्षासँगै चलेको तीव्र हुरीबतासका कारण जनजीवन प्रभावित बनेको छ । यसअघि नै जल तथा मौसम विज्ञान विभागले हुरीबतासहितको भारी वर्षा गराउने प्रणाली पूर्वतर्फ सर्दै गएको जनाएको थियो । उक्त प्रणालीका कारण काठमाडौं उपत्यकासहित बागमती र मधेश प्रदेशका अधिकांश स्थानमा वर्षा हुने पूर्वानुमान गरिएको थियो ।
विभागका अनुसार हाल कर्णाली र लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा हुरीबतास, चट्याङ र मेघगर्जनसहित मध्यम वर्षा भइरहेको छ । मौसमविद् सञ्जिव अधिकारीका अनुसार पानी पार्ने प्रणाली क्रमशः पूर्वतर्फ सर्दै गएको छ ।
विभागले देशभर सक्रिय मौसम




प्रणालीका कारण अझै केही दिन हुरीबतास, मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ । मौसमविद् अधिकारीका अनुसार सुदूरपश्चिमबाट सुरु भएको वर्षा प्रणाली लुम्बिनी हुँदै बागमती र मधेश प्रदेशसम्म फैलिएको हो ।

आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग ।
प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं, हरियाली बढाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# स्वतन्त्र प्रेसमाथिको अंकुश लोकतन्त्रमाथिको प्रहार

विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा धनुषामा आयोजित पत्रकार सम्मेलन तथा अन्तरक्रिया कार्यक्रममा उठाइएका आवाजहरू केवल पत्रकारहरूको पेशागत असन्तुष्टि मात्र होइनन्, लोकतन्त्रप्रति गम्भीर चिन्ताका संकेत पनि हुन् । पत्रकारहरूले सरकारले सञ्चारमाध्यममाथि नियन्त्रण स्थापित गर्न खोजेको, निजी मिडियालाई सरकारी विज्ञापनबाट वञ्चित गरेर आर्थिक रूपमा कमजोर बनाउने रणनीति अघि बढाएको आरोप लगाएका छन् । यदि यी आरोपहरू सत्य हुन् भने यो केवल सञ्चार क्षेत्रमाथिको हस्तक्षेप होइन, लोकतान्त्रिक मूल्यमान्यतामाथिको प्रत्यक्ष आक्रमण हो।

लोकतन्त्रको मेरुदण्ड स्वतन्त्र प्रेस हो । जहाँ स्वतन्त्र प्रेस कमजोर हुन्छ, त्यहाँ जनताको आवाज दबिन्छ, राज्य संयन्त्र निरंकुश बन्दै जान्छ र सुशासन केवल नारामा सीमित रहन्छ । इतिहासले पटक-पटक प्रमाणित गरेको छ कि अधिनायकवादी शासनले सबैभन्दा पहिले प्रेस स्वतन्त्रतामाथि प्रहार गर्छ । किनभने स्वतन्त्र मिडिया नै सत्ताका गलत काम उजागर गर्ने, जनतालाई सचेत बनाउने र शासकलाई जवाफदेही बनाउने माध्यम हो ।

नेपालले लामो संघर्षपछि लोकतान्त्रिक व्यवस्था प्राप्त गरेको हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार संविधानले सुनिश्चित गरेको छ । तर पछिल्ला समय सरकारका केही नीति र व्यवहारले सञ्चारमाध्यमप्रति असहिष्णुता बढिरहेको संकेत देखिन थालेका छन् । निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने नीति त्यसकै एउटा उदाहरणका रूपमा हेरिएको छ । नेपालजस्तो मुलुकमा धेरै निजी मिडिया आर्थिक रूपमा कमजोर अवस्थामा सञ्चालन भइरहेका छन् । सरकारी विज्ञापनबाट वञ्चित गरिनु भनेको ती संस्थाहरूलाई क्रमशः धराशायी बनाउने बाटो खोल्नु हो ।

सरकारले विज्ञापन वितरणलाई पारदर्शी, व्यवस्थित र मापदण्डमा आधारित बनाउन खोज्नु स्वाभाविक हुन सक्छ । तर यदि त्यसको उद्देश्य आलोचनात्मक वा स्वतन्त्र आवाजलाई दबाउने हो भने त्यो लोकतान्त्रिक शासनको चरित्रसँग मेल खाँदैन । लोकतन्त्रमा सरकार आलोचनाबाट डराउन हुँदैन; बरु आलोचनालाई सुधारको अवसरका रूपमा लिनुपर्छ । प्रेसमाथि अंकुश लगाएर सरकार क्षणिक रूपमा बलियो देखिए पनि दीर्घकालमा त्यसले जनविश्वास गुमाउँछ ।

यस सन्दर्भमा सञ्चारमाध्यमको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । स्वतन्त्र प्रेस भनेको निराधार आरोप, पक्षपात वा गैरजिम्मेवार गतिविधिको स्वतन्त्रता होइन । पत्रकारिता सत्य, तथ्य र जनहितमा आधारित हुनुपर्छ । पत्रकारिता विश्वसनीय, निष्पक्ष र उत्तरदायी भएमा मात्रै जनताको विश्वास कायम रहन्छ । प्रेस स्वतन्त्रताको रक्षा गर्ने दायित्व सरकारसँग मात्र होइन, सञ्चारकर्मी स्वयंसँग पनि जोडिएको हुन्छ।

सरकार र सञ्चार क्षेत्रबीच टकराव होइन, सहकार्य आवश्यक छ । आलोचना र प्रतिरोधलाई शत्रुताको रूपमा होइन, लोकतान्त्रिक प्रक्रियाको अंगका रूपमा बुझ्नुपर्छ। सरकार यदि वास्तवमै सुशासन, समृद्धि र लोकतन्त्रप्रति प्रतिबद्ध छ भने उसले स्वतन्त्र प्रेसलाई सहयोगी शक्तिका रूपमा स्वीकार गर्नुपर्छ । निजी मिडियालाई कमजोर बनाउने होइन, उनीहरूको संस्थागत सुदृढीकरणमा सहयोग गर्ने नीति आवश्यक छ।

विश्व प्रेस स्वतन्त्रता दिवस केवल औपचारिकता निभाउने दिन होइन। यो प्रेस स्वतन्त्रताको वर्तमान अवस्था मूल्यांकन गर्ने, चुनौती पहिचान गर्ने र लोकतन्त्रको स्वास्थ्य जाँच्ने अवसर हो। धनुषाबाट उठेको आवाजले एउटा स्पष्ट सन्देश दिएको छ–स्वतन्त्र प्रेसमाथिको कुनै पनि हस्तक्षेप अन्ततः लोकतन्त्रमाथिकै हस्तक्षेप हो। त्यसैले प्रेस स्वतन्त्रताको रक्षा गर्नु भनेको नागरिक अधिकार, लोकतन्त्र र सुशासनको रक्षा गर्नु हो।

# ‘थलापति’को राजनीतिक भूकम्प

काठमाडौं २१ वैशाख । दक्षिण भारतीय सिनेमामा अजबगजबका दृश्य देखिन्छन् । नायक यसरी आउँछन् कि उनले केही सेकेन्डमै सब उलटपुटल गरिदिन्छन् । के वास्तविक राजनीतिमा यस्तो सम्भव छ ?

लगभग फिल्मी शैलीमै भारतीय सुपरस्टार जोसेफ विजयले तमिलनाडुको विधानसभा चुनावमा राजनीतिक भूकम्प नै ल्याइदिएका छन् । उनले दशकौंदेखि चलिआएको परम्परागत राजनीतिलाई जरैदेखि हल्लाएर ऐतिहासिक जित नजिक छन् ।



सोमबारबाट सुरु भएको मतगणनाको ताजा रुझान र नतिजाहरूले विजयलाई अब सिनेमाको पर्दामा मात्र सीमित नभई तमिलनाडुको राजनीतिको नयाँ हिरो बनेको प्रमाणित गरेका छन्। उनको दुई वर्ष पुरानो पार्टी ‘तमिलगा वेट्री कजगम’ (टीभीके) ले पहिलो पटक विधानसभा चुनाव लड्दै तमिलनाडुमा मुख्यमन्त्री एम.के. स्टालिनको सत्तासीन पार्टी डीएमके र प्रमुख प्रतिपक्षी एआईएडीएमकेलाई नराम्ररी पछाडि छाड्दै आफूलाई राज्यको सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित गरेको छ।

योसँगै फ्यानहरूले मायाले ‘थलापति’ अर्थात् सेनापति भनेर बोलाउने जोसेफ विजय तमिलनाडुको मुख्यमन्त्री बन्ने सम्भावना बलियो बनेको छ ।

### *टीभीकेको अभूतपूर्व आँधी*

अप्रिल २३ मा एकै चरणमा सम्पन्न भएको तमिलनाडु विधानसभा चुनावमा ८५ प्रतिशतभन्दा बढीको ऐतिहासिक मतदान भएको थियो । मे ४ को बिहान ८ बजेदेखि सुरु भएको मतगणनामा टीभीकेले लगातार अग्रता कायम राखिरहेको छ। यो समाचार तयार पार्दासम्म, निर्वाचन आयोग र विभिन्न मिडिया रिपोर्टका अनुसार, कुल २३४ सिटमध्ये सरकार बनाउन ११८ सिट आवश्यक पर्नेमा टीभीके १०७ देखि १०९ सिटसम्ममा अगाडि देखिएको छ।

यसको तुलनामा सत्ताधारी डीएमके तेस्रो स्थानमा खस्किने संकेत गर्दै मात्र ६४ सिट आसपास सीमित भएको छ भने विपक्षी एमआईएडीएमके ५२ सिट आसपास अग्रता कायम गरिरहेको छ । अन्य उम्मेदवारहरूले ११ सिटमा अग्रता कायम गरिरहेका छन् ।

चुनावी नतिजाको प्रारम्भिक रुझानले तमिलनाडुमा डीएमके र एमआईएडीएमकेको द्विपक्षीय वर्चस्वलाई तोड्दै टीभीकेलाई एक शक्तिशाली तेस्रो विकल्पको रूपमा उभ्याएको छ।

### *हेभीवेट नेताहरूलाई झट्का*

यस चुनावमा सबैभन्दा अनौठो नतिजा कोलाथुरले दिएको छ। त्यहाँबाट पुनः चुनाव लडिरहेका वर्तमान मुख्यमन्त्री तथा डीएमकेका शीर्ष नेता एम.के. स्टालिन आफ्नै सिटमा पछाडि परेका छन्। चौथो चरणको मतगणनासम्म स्टालिनभन्दा टीभीकेका नवप्रवेशी उम्मेदवार भि.एस. बाबु अगाडि छन्।

त्यसैगरी, मदुरै साउथ सिटमा टीभीकेका उम्मेदवार गोपीसन फराकिलो अग्रतामा छन्। उनलाई डीएमकेका भूमिनाथन, भाजपाका राम श्रीनिवासन र एनटिकेकी सुमती लगायतले पछ्याइरहेका छन् । तिरुपुर साउथमा पनि टीभीकेका एस. बालामुरुगन अगाडि छन् भने डीएमकेका एन. दिनेशकुमार पछाडि परेका छन्।

स्वयं पार्टी अध्यक्ष विजय पेराम्बुर सिटबाट चुनाव लडिरहेका छन् र उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी आर.डी. शेखरलाई फराकिलो मतले पछाडि पार्दै शानदार अग्रता कायम गरेका छन्।

सामान्यतया सत्ताको साँचो बोकेको मानिने ४६ वटा अनुसूचित जातिका लागि आरक्षित सिटहरूमा पनि टीभीकेको प्रभाव निर्णायक सावित भएको विश्लेषण भइरहेको छ।

### *को हुन् विजय ?*

२२ जुन १९७४ मा चेन्नईमा जन्मिएका विजयको जीवन कुनै फिल्मी कथाभन्दा कम छैन। उनको पूरा नाम जोसेफ विजय चन्द्रशेखर हो। उनको पारिवारिक पृष्ठभूमि पूर्ण रूपमा कला र सिनेमासँग जोडिएको थियो। उनका बुबा एस.ए. चन्द्रशेखर तमिल सिनेमाका चर्चित निर्देशक थिए भने आमा शोभा एक कुशल गायिका थिइन्।

फिल्मी माहोलमा हुर्किएका विजयले निकै सानो उमेरदेखि नै अभिनय यात्रा सुरु गरेका थिए। बुबाले उनलाई ‘वेट्री’ फिल्ममा बाल कलाकारको रूपमा अवसर दिएका थिए। बाल्यकालमै उनले आफ्नो भविष्य सिनेमामै रहेको संकेत गरिसकेका थिए ।

कलेजमा उनले भिजुअल मिडियाको अध्ययन सुरु गरेका थिए, तर अभिनयको हुटहुटीले गर्दा उनले बीचमै पढाइ छाडिदिए।

पछि, आमा शोभाले एउटा स्क्रिप्ट लेखिन् र बुबा एस.ए. चन्द्रशेखरले त्यसमा फिल्म बनाए। सन् १९९२ मा रिलिज भएको सोही फिल्म ‘नालैया थीरपु’ बाट विजयले मुख्य नायकका रूपमा डेब्यु गरे। यद्यपि यो फिल्म बक्स अफिसमा अपेक्षा गरेअनुरूप सफल हुन सकेन, तर यसले विजयको अभिनय करियरको बलियो जग भने बसाल्यो।

### *कसरी बनाए थलापतिको पहिचान ?*

विजयको सुरुवाती करियर ‘फर्मुला फिल्म’हरूमा आधारित थियो, जसमा एक्सन र रोमान्टिक गीतहरूको भरपुर प्रयोग हुन्थ्यो। तर समयसँगै उनले आफ्नो छवि बदले। कमेडी, एक्सन र सामाजिक विषयवस्तुमा आधारित फिल्महरू खेल्दै उनले आफूलाई एक साधारण हिरोबाट ‘थलापति’ (सेनापति) को रूपमा स्थापित गरे।

‘गिल्ली’ जस्तो सुपरहिट फिल्मले उनलाई ‘मास हिरो’ को परिचय दियो र साना बालबालिका समेत उनको फ्यान बने। ‘कथी’ ले उनको अभिनयलाई सामाजिक र राजनीतिक सन्देशसँग जोड्यो भने ‘थेरी’, ‘मर्सल’ र ‘बिगिल’ जस्ता फिल्महरूले बक्स अफिसमा नयाँ रेकर्ड कायम गरे।

अभिनयका साथसाथै उनी दक्षिण भारतीय सिनेमाकै उत्कृष्ट डान्सरमध्ये एक मानिन्छन्। हिन्दी भाषी क्षेत्रहरूमा पनि उनी उत्तिकै लोकप्रिय छन्।

### *फ्यानसँग विवाह*

विजयको व्यक्तिगत जीवनमा एउटा महत्त्वपूर्ण मोड तब आयो, जब लन्डनमा हुर्किएकी संगिता उनका फिल्महरू हेरेर उनको फ्यान बनिन्। बिस्तारै उनीहरूबीच मित्रता भयो र यो सम्बन्ध प्रेममा परिणत भयो। २५ अगस्ट १९९९ मा परिवारको सहमतिमा विजयले संगितासँग विवाह गरे।

विवाहपछि संगिता उनको व्यक्तिगत ‘कस्ट्युम डिजाइनर’ बनिन्। भनिन्छ, आज पनि विजय सार्वजनिक कार्यक्रम वा सुटिङमा तिनै कपडाहरू लगाउँछन्, जुन उनकी पत्नीले छनोट गरेर दिन्छिन्।

उनका बुबा एस.ए. चन्द्रशेखरले यसअघि नै ‘अल इन्डिया थलापति विजय मक्कल इयक्कम’ नामको राजनीतिक पार्टी बनाउने प्रयास गरेका थिए र विजयको फ्यान क्लबलाई त्यसैअन्तर्गत दर्ता गर्न खोजेका थिए।

यसलाई लिएर बाबु-छोराबीच गम्भीर मतभेद भयो। विजयले आफ्ना माता-पितासहित ११ जना विरुद्ध मुद्दा दर्ता गर्दै आफ्नो नामको प्रयोग कुनै पनि चुनावी गतिविधि वा भीड जम्मा गर्नका लागि नगर्न माग गरे।

विजयले स्पष्ट रूपमा विज्ञप्ति जारी गर्दै भनेका थिए, ‘म मेरा प्रशंसक र जनतालाई बताउन चाहन्छु - मेरो बुबाको राजनीतिक पार्टी र मेरोबीच प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि सम्बन्ध छैन।’

### *अनि सिनेमा छाडे ...*

फेब्रुअरी २०२४ मा विजयले औपचारिक रूपमा राजनीतिमा कदम राख्दै आफ्नो पार्टी ‘तमिलगा वेट्री कझगम’ (टीभीके) को घोषणा गरे। उनले सन् २०२४ को लोकसभा (संसद्) चुनाव नलड्ने र कुनै पनि उम्मेदवारलाई समर्थन नगर्ने, तर आफ्नो सम्पूर्ण ध्यान सन् २०२६ को विधानसभा चुनावमा केन्द्रित गर्ने

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# लिपुलेक विवाद फेरि चर्कियो





कैलाश मानसरोवर जान पाउने भारतीय तीर्थयात्रीका लागि यो वर्ष लिपुलेक पास प्रयोग हुने दिल्लीले बताएपछि नेपाल-भारतबीच सो क्षेत्रको सीमा विवाद पुनः एकपटक चर्किएको छ।नेपाल सरकारका प्रवक्ता मन्त्री सस्मित पोखरेलले 'विवाद' भएकैले सरकारले कूटनीतिक नोट पठाएको बताएका छन्। "त्यो हाम्रो भूमि हो भन्ने कुरामा हामी स्पष्ट छौँ," उनले सोमबार पत्रकारहरूसँग भने।

त्यसबारे बोल्ने क्रममा ३ मेमा भारतीय विदेश मन्त्रालयले आफ्नो अडान "एकैखाले र स्पष्ट" रहेको बताउँदै उक्त बाटो हुँदै "सन् १९५४ देखि मानसरोवर यात्रा हुने गरेको" जनाएको छ। भारतीय विदेश मन्त्रालयले हालै लिपुलेक हुँदै ५० जना भारतीयहरू सम्मिलित १० वटा टोली कैलाश मानसरोवर तिर्थयात्रामा जुनदेखि अगस्ट महिनामा जान लागेको घोषणा गरेको पृष्ठभूमिमा पछिल्लो पटक पुनः विवाद उत्पन्न भएको हो।

दिल्लीले पछिल्ला कैयौँ वर्षदेखि सन् १९५४ को एप्रिल २९ मा भएको भारत-चीनबीचको पञ्चशील सम्झौता उल्लेख गर्ने गरिएको पाइन्छ।

औपचारिक रूपमा 'भारत र चीनको तिब्बत क्षेत्र बीचको व्यापार तथा अन्तरक्रियासम्बन्धी सम्झौता'ले दिल्ली र बेइजिङबीच सात दशकअघि सहअस्तित्वका पाँच बुँदा उल्लेख गरिएका छन्।



Ministry of External Affairs
Government of India

**In response to media queries regarding claims related to border issues made by Foreign Ministry of Nepal in the context of the annual Kailash Manasarovar Yatra, the Official Spokesperson, Shri Randhir Jaiswal said:**

"India's position in this regard had been consistent and clear. Lipulekh Pass has been a long standing route for the Kailash Manasarovar Yatra since 1954 and the Yatra through this route has been going on for decades. This is not a new development.

तर बीबीसीसँग कुरा गर्दै नेपालको नापी विभागका दुईजना पूर्वमहानिर्देशकहरूले सन् १९५४ को समझदारीको औचित्य नरहेको भन्दै त्यसलाई आधारका रूपमा राखिराख्न नमिल्ने बताउँछन्।

भारतका लागि पूर्व नेपाली राजदूत दीपकुमार उपाध्याय भने लिपुलेकको विषय भारतले पनि विवादित भूमिका रूपमा स्वीकारेको भए पनि त्यसमाथि प्राथमिकतासाथ कहिल्यै छलफल हुन नसकेको बताउँछन्।

*नेपालको पुरानै अडान, काम चाहिँ के भए?*

नेपालको परराष्ट्र मन्त्रालयले २० वैशाखमा नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको जनाएको थियो।

नेपालको परराष्ट्र मन्त्रालयले भनेको छः "सन् १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ।"

एकजना सीमाविद् बुद्धिनारायण श्रेष्ठले यस विवादमा सबैलाई मान्य हुनेगरी समाधान गर्न आपसी समझदारीमा "त्रिदेशीय बिन्दुका रूपमा सहमति गर्न" सुझाउँछन्।

"त्यो अन्तर्राष्ट्रिय सीमा सिद्धान्त अनुसार अनुकूल हुन्छ। सरकारको कूटनीतिक जोडबल त्यसका लागि हुनुपर्छ," श्रेष्ठ भन्छन्।

भारतले सचिव स्तरीय संयन्त्रमा कालापानी र सुस्ताको विषय सुल्झाइने भन्नुले त्यहाँनिर भारतले यसलाई विवादित भूमि मानेको पूर्वराजदूत उपाध्याय बताउँछन्।

"तर हाम्रो कूटनीति परिपक्वता, प्राथमिकता र निरन्तरतामा गएन। झटारो हाने जसरी कूटनीतिक नोट पठाउँदैमा सुल्झने कुरा होइन यो," दीपकुमार उपाध्याय भन्छन्।

"कैयौँ पटक उच्च स्तरमा संवाद हुँदा यो विषय कहिल्यै हाम्रो प्राथमिकतामा परेन। त्यो सामर्थ्य हामीमा कहिल्यै आएन।"

*सन् १९५४ को सम्झौतामा के छ?*

नापी विभागका एकजना पूर्वमहानिर्देशक पुण्यप्रसाद ओलीले सन् १९५४ मा भारत-चीनबीच उक्त सम्झौता हुँदा नेपाल र चीनबीच द्विपक्षीय सम्बन्ध समेत स्थापित नभएको र नेपालसँग त्यसबारे परामर्श समेत भएको जनाउँदै त्यसलाई स्वीकार्य आधार मान्न नसकिने बताउँछन्।

"पछि सन् १९६० मा चीनतर्फको नेपालको सीमाङ्कन हुँदा लिपुलेकलाई त्रिदेशीय बिन्दु नभनीकन सर्वे गर्ने क्षेत्रको अन्तिम बिन्दु मानिएको थियो," ओली भन्छन्।

"सम्बन्धित पक्ष नेपालसँग परामर्श नगरीकनै अन्य दुई पक्षले उक्त सम्झौता गरेकाले त्यो कसरी अन्तर्राष्ट्रिय रूपमा मान्य हुन्छ?" उनी यस विवादको समाधान "सुगौली सन्धिमै टेकेर काली नदीको सीमानालाई नै हेरेर" तय हुनुपर्ने बताउँछन्।

"सुगौली सन्धि हुँदाकै बेला कावा खोलाबारे नेपालले नमानेपछि ब्रिटिश सरकारले अरू तीनवटा गाउँ नेपालकै हो भनेको हो," ओली बताउँछन्।

सुगौली सन्धिपछि भएका ब्रिटिश इन्डिया सरकारका नक्साङ्कनहरूमा उक्त कुरा उल्लेख रहेको छ।

तर सुगौली सन्धिमा अस्पष्टता रहेको भन्दै त्यहाँको विवाद सुल्झन सकेको छैन।

उक्त सन्धिमा नेपालको पश्चिमी सीमा काली नदी भनेर तोकिएको छ तर उक्त नदीको मुहानबारे उल्लेख गरिएको छैन।

सन् १९५४ को पञ्चशील सम्झौताको दफा ३ मा दुई देशका तीर्थालुहरूलाई एक अर्काका देशमा भ्रमण गर्न सक्ने व्यवस्थाको उल्लेख छ।

जसअनुसार भारतबाट लामा परम्परा मान्ने एवं हिन्दू र बौद्ध धर्मका तीर्थयात्रीहरू चीनको तिब्बत क्षेत्रको काङ रिम्पोछे (कैलाश) र मावर्न त्सो (मानसरोवर) को भ्रमण गर्न सक्ने लेखिएको छ।

चीनको तिब्बत क्षेत्रका लामा र बौद्ध धर्मावलम्बी तीर्थयात्रीहरू परम्परा अनुसार भारतको बनारस, सारनाथ, गया र साँचीको भ्रमण गर्न सक्ने त्यसमा उल्लेख छ।

त्यसैगरी ल्हासा भ्रमण गर्ने तीर्थयात्रीहरूले समेत परम्परा अनुसार त्यस्तो अवसर पाउन सक्ने भन्दै दुवै देशका व्यापारी र तीर्थयात्रीहरू यात्रा गर्न सक्ने छवटा पास र मार्गको उल्लेख गरिएको छ।

ती सिप्की ला, मन पास, नीति पास, कुंग्री बिङ्री पास, दर्मा पास र लिपुलेक पास छन्।

जसअन्तर्गत एक अर्काका देशका सीमावर्ती बिन्दुमै नाम दर्ता मात्र गरेर अनुमति पत्र लिई तोकिएका तीर्थयात्रा गर्न सकिने भनिएको छ।

*बारम्बारको बेवास्ता*

नापी विभागकै अर्का पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठले सन् १९५४ को सम्झौता दश वर्षमा नवीकरण हुनुपर्ने भए तापनि त्यसअघि नै उनीहरूबीच युद्ध भएकाले त्यसो नभएको बताउँछन्।

"त्यसैले जुन १९५४ को सम्झौताको हवाला भारतले दिन्छ, त्यो ज्यूँदो छैन। त्यसको मिति सकिइसकेको छ," श्रेष्ठ भन्छन्।

"त्यस बेलाको सम्झौता सीमावर्ती क्षेत्रका जनता अलिकति यताउता गर्नका लागि भए पनि अहिले त्यसलाई विस्तार गरिएको छ र त्यो बाटो हुँदै जहाँ पनि जान सकिन्छ।"

वि सं २०७२ जेठमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बेइजिङमा एक समझदारी हुँदा त्यसको उल्लेख गरिएको थियो।

नेपालसँगको सहमतिबिनै गरिएको उक्त सम्झौताको एउटा बुँदामा भनिएको थियो: "... दुवै पक्ष व्यापार वस्तुको सूची बढाउन वार्ता गर्न र नाथुला, च्याङ्ला/लिपुलेक नाका र सिप्किलामा सीमा व्यापार बढाउन पनि राजी भए।"

यस क्रममा दुई देश बीचले "फेरि नेपालको सम्प्रभूतालाई बेवास्ता गरेको" सीमाविद् बुद्धिनारायण श्रेष्ठ बताउँछन्।

"नेपाल सरकारले फेरि नि सुगौली सन्धिकै कुरा उद्धृत गरेको छ। त्यसबाहेक सन् १८२१, सन् १८२७, सन् १८५६, सन् १९०५ मा चिनियाँ भाषामा छापिएको नक्सा अनुसार लिपुलेक मात्र होइन गुन्जी, कुटी, नाभी, डोलिङ्टयान र लिम्पियाधुरासम्मको भाग नेपालको हो," बुद्धिनारायण श्रेष्ठ भन्छन्।

"किनभने त्यो लिम्पियाधुराबाट निस्किएको काली नदीभन्दा पूर्वतर्फ पर्छ।"झन्डै ५,५३२ मिटर उचाइमा रहेको लिम्पियाधुरालाई महाकाली नदीको प्रमुख जलाधार र उद्गम बिन्दु मानिन्छ। त्यो स्थान लिपुलेकभन्दा अझै उत्तर पश्चिममा पर्छ।बीबीसी/नपालस्वाट

## 'थलापति'.............

स्पष्ट पारेका थिए।

यसै घोषणामार्फत उनले राजनीति र समाजसेवामा पूर्ण रूपले समर्पित हुनका लागि आफ्नो अभिनय करियर र कमाइ दुवैलाई पछाडि छाड्दै सिनेमाबाट सन्न्यास लिने कुरा पनि सार्वजनिक गरे। सेप्टेम्बर २०२४ मा प्रोडक्सन हाउस केभीएनले आधिकारिक रूपमा घोषणा गर्‍यो - फिल्म 'थलापति ६९' विजयको अभिनय करियरको अन्तिम फिल्म हुनेछ।

*कस्तो पार्टी हो टीभीके ?*

अक्टोबर २७, २०२४ मा तमिलनाडुको विल्लुपुरम जिल्लाको विक्रवन्डीमा टीभीकेको पहिलो जनसभा आयोजना भयो, जहाँ लाखौंको भीड उर्लियो। उक्त मञ्चबाट विजयले नागरिकलाई फुटाउने र राज गर्ने रणनीतिमा काम गर्ने पार्टीहरूलाई कडा प्रहार गरे।

विजयले त्यस्ता शक्तिहरू वैचारिक रूपमा आफ्नो पार्टीको दुस्मन भएको घोषणा गरे। उनले नाम नलिईकन सत्ताधारी डीएमकेतर्फ लक्षित गर्दै 'द्रविड मोडलको नाममा धोकाधडी गर्ने र एउटा परिवारले राज्यलाई लुट्ने' काम गरिरहेको आरोप लगाए।

आफ्नो वैचारिक लाइन स्पष्ट पार्दै विजयले भनेका थिए, 'हामी द्रविड राष्ट्रवाद र तमिल राष्ट्रवादलाई अलग गर्नेछैनौं। यी दुवै यस माटोका दुई आँखा हुन्। हामीले आफूलाई कुनै एउटा विशेष पहिचानमा मात्र सीमित राख्नुहुँदैन।'

टीभीके धर्मनिरपेक्षता र सामाजिक न्यायको सिद्धान्तमा आधारित हुने उनले बताए। विजयले आफ्नो पार्टी समाज सुधारक 'पेरियार' ले देखाएको महिला सशक्तीकरण र सामाजिक न्यायको बाटोमा हिँड्ने, तर पेरियारको नास्तिकता (ईश्वर नमान्ने) विचारलाई भने स्वीकार नगर्ने स्पष्ट पारे।

त्यसैगरी, टीभीकेले राज्यमा दुई-भाषा नीतिलाई समर्थन गर्ने र सरकारी कामकाज तमिल र अङ्ग्रेजी दुवै भाषामा हुनुपर्ने कुरामा जोड दिएको छ। साथै, उनको पार्टीले जातिगत जनगणनालाई पनि समर्थन गर्दछ।

*करुर ऱ्यालीमा भएको दुःखद भगदौड*

विजयको राजनीतिक यात्रामा एउटा दुःखद घटना पनि जोडिएको छ। गत वर्ष सेप्टेम्बरमा तमिलनाडुको करुरमा टीभीकेको ऱ्यालीका क्रममा अचानक भागदौड मच्चिँदा ३९ जनाको ज्यान गएको थियो।

यस घटनाले विजयलाई गहिरो चोट पुर्‍यायो। उनले सामाजिक सञ्जालमार्फत दुःख र स्तब्धता व्यक्त गर्दै मृतकका परिवारलाई जनही २० लाख र घाइतेहरूलाई २-२ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेका थिए।

*पछुतोमा छ कांग्रेस*

तमिलनाडुको चुनाव परिणामको विश्लेषण गर्दै कंग्रेसका वरिष्ठ नेता प्रवीन चक्रवर्तीले युट्युब च्यानल 'डिकोडर' मा बोल्दै विजयको पार्टी टीभीकेसँग गठबन्धन गर्न नसक्नु कंग्रेसको सबैभन्दा ठूलो गल्ती भएको बताएका छन्।

उनले भनेका छन्, 'म यसलाई कंग्रेस पार्टीको लागि गुमेको एउटा विशाल अवसरको रूपमा हेर्छु। यदि कंग्रेसले टीभीकेसँग गठबन्धन गरेको भए, हामीले दुई-तिहाइ बहुमत जित्ने थियौं र दक्षिण भारतमा हाम्रो दबदबा हुने थियो।'

यस वर्षको मार्च महिनामा प्रवीन चक्रवर्तीले विजयलाई भेटेर राजनीति र टीभीके-कंग्रेस गठबन्धनको सम्भावनाबारे छलफल गरेका थिए। चक्रवर्तीका अनुसार टीभीके गठबन्धन गर्न सर्वसम्मत रूपमा तयार थियो। तर, कंग्रेसभित्रका मतभेदले गर्दा यो सम्भव भएन। चक्रवर्तीले खुलासा गरेअनुसार राहुल गान्धी यो गठबन्धनको पक्षमा खुला भए पनि पी. चिदम्बरम जस्ता नेताहरू पुरानै गठबन्धन (डीएमकेसँगको) लाई निरन्तरता दिनुपर्ने अडानमा थिए।

*कसले के भने ?*

टीभीकेका राष्ट्रिय प्रवक्ता फेलिक्स जेराल्डले प्रारम्भिक रुझानहरूलाई उद्धृत गर्दै पार्टीले स्पष्ट बहुमतसहित सरकार बनाउनेमा आफूहरू पूर्ण विश्वस्त रहेको बताएका छन्।

पुडुचेरीका मुख्यमन्त्री एन. रंगास्वामीले पनि टीभीके र विजयलाई बधाई दिँदै उनले तमिलनाडुको राजनीतिमा ठूलो प्रभाव छाडेको बताएका छन्।

यद्यपि तमिलनाडुको चुनावी इतिहासमा नयाँ पार्टीहरूको प्रवेशले मिश्रित परिणाम दिने गरेको थियो। कतिपयले ठूलो सफलता पाए भने कतिपयले कुनै प्रभाव छाड्न सकेनन्। तर विजय र उनको पार्टी टीभीकेको आगमनले 'द्रविड राजनीति' को दुई ध्रुवीय एकाधिकारलाई नराम्ररी तोडेको छ।

द्रविड मोडेल तमिलनाडु राज्यमा विशेषगरी सत्ताधारी पार्टी डीएमके र त्यहाँका वर्तमान मुख्यमन्त्री एम.के. स्टालिनले आफ्नो सरकारको काम गर्ने शैली, नीति र वैचारिक आधारलाई चिनाउन प्रयोग गर्ने एउटा राजनीतिक र शासकीय अवधारणा हो।

यसले समाजका सबै वर्ग (विशेषगरी पिछडिएका र दलित समुदाय) लाई शिक्षा, स्वास्थ्य र रोजगारीमा समान अवसर दिने र सँगसँगै आर्थिक विकास पनि गर्ने नीति अर्थात् सामाजिक न्याय र समावेशी विकासको अवधारणा पछ्याउँछ ।

डीएमके पार्टीले आफूलाई यही द्रविड मोडलको असली हकदार र रक्षक मान्दै यसलाई आफ्नो प्रमुख राजनीतिक नारा बनाएको छ। तर, विजयले आफ्नो भाषणमा डीएमकेमाथि कडा प्रहार गर्दै भन्न खोजेका छन्- बाहिरबाट हेर्दा उनीहरू 'सामाजिक न्याय र समावेशी विकासको द्रविड मोडलको आदर्श कुरा गर्छन्, तर भित्रभित्रै यही मोडलको नाम बेचेर एउटै परिवार (करुणानिधि-स्टालिन परिवार) ले सत्ता कब्जा गर्ने, भ्रष्टाचार गर्ने र राज्यको ढुकुटी लुट्ने काम गरिरहेको छ।

अर्थात्, विजयको आरोपमा 'द्रविड मोडल' डीएमकेका लागि जनतालाई भ्रममा राख्ने र आफ्नो पारिवारिक शासन जोगाउने एउटा वैचारिक आवरण (ढोंग) मात्र बनेको छ।

जे होस्, 'थलापति' ६९ औं फिल्मबाट सिनेमाको यात्रा टुङ्ग्याएर निस्किएका विजय अब तमिलनाडुको राजनीतिको वास्तविक मुख्यमन्त्री बन्ने दिशामा अग्रसर छन्।

# उठिबास रोक्न माग गर्दै लुम्बिनीका मुख्यमन्त्रीलाई ज्ञापनपत्र

दैनिक समाचारदाता

बुटवल २१ वैशाख । दाङका भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीका प्रतिनिधिहरूले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य समक्ष ज्ञापनपत्र बुझाएका छन् ।

संघर्ष समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको ज्ञापनपत्रमा आवास, जीविकोपार्जन र खाद्य सुरक्षालाई नागरिकको मौलिक हक भएको उल्लेख गर्दै विकल्प नदिई गरिब नागरिकलाई उठिबास गर्नु मानवअधिकार विपरीत हुने स्मरण गराइएको छ ।

ज्ञापनपत्रमा सरकारले देशका विभिन्न स्थानमा, विशेषगरी लुम्बिनी प्रदेशका जिल्लामा बस्ती



खाली गर्ने सम्बन्धी सूचना जारी गरेको भन्दै त्यसप्रति गम्भीर आपत्ति जनाइएको छ । पहिचान, लगत संकलन र प्रमाणीकरणजस्ता प्रक्रिया पूरा नगरी उठिबास गर्न खोजिएको आरोप समेत लगाइएको छ ।

संघर्ष समितिले बसोबाससम्बन्धी जारी सूचना तत्काल खारेज गर्न, कुनै पनि प्रकारको जबरजस्ती उठिबास नलगाउन तथा स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरेर मात्रै निर्णय लिन माग गरेको छ ।यस्तै, वैकल्पिक सुरक्षित आवासको सुनिश्चितता नगरी उठिबास प्रक्रिया अघि नबढाउन, मानवअधिकार तथा संवैधानिक प्रावधानको पूर्ण पालना गर्न र भूमि समस्या समाधान आयोगमार्फत जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यलाई निरन्तरता दिनुपर्ने माग गरिएको छ ।

यसैबीच मुख्यमन्त्री चेतनारायण आचार्यले नागरिकलाई संरक्षण गर्नुपर्ने समयमा उल्टै अलपत्र पार्ने खालका गतिविधि भइरहेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले संघीय सरकारले यस विषयमा पुनः विचार गर्नुपर्ने आवश्यकता औंल्याउँदै राज्यले संरक्षकको भूमिकामा रहनुपर्ने बताए ।

उनले तीन तहका सरकारबीच समन्वय गरेर दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिँदै नागरिकको दबाब र संवेदनशीलतालाई ध्यानमा राखेर निर्णय लिन आग्रह गरे ।

# जनकपुरधाममा पाँच तारे होटलको शिलान्यास

दैनिक समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको पाँचतारे होटल निर्माण प्रक्रिया औपचारिक रूपमा आजदेखि सुरु भएको छ ।

करिब २ अर्बको लागतमा निर्माण हुने सो पाँच तारे होटलमा १२४ कोठा क्षमताको आधुनिक होटल निर्माणका लागि आज भूमि पूजन सम्पन्न गरिएको हो । मिथिला हस्पिटालिटी प्रालिद्वारा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ मुजेलियामा निर्माण हुन लागेको सो होटलको सञ्चालन तीन वर्षमा गर्ने लक्ष्य लिइएको छ ।

मिथिला हस्पिटालिटीका अध्यक्ष रामेश्वर साहले होटल निर्माणको काम अब तीव्र गतिमा अघि बढाइने जानकारी दिँदै जनकपुरधामको पर्यटन पूर्वाधार विस्तारमा यस परियोजनाले नयाँ



आयाम थप्ने विश्वास व्यक्त गर्नुभयो ।

भूमि पूजन कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले परियोजनाको निर्माणले मधेश प्रदेशको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गर्दै यसले रोजगारी सृजना हुने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता एवं धनुषा निर्वाचन क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य मनिष झाले जनकपुरधाममा पहिलो पटक पाँचतारे होटल बन्नु सकारात्मक भएको बताउँदै लगानीको वातावरण सुरक्षित गर्ने दायित्व सबैको भएको बताउनुभयो ।

जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले उपमहानगरपालिकाले पूर्वाधार विकास, सडक सञ्जाल विस्तार तथा लगानीमैत्री वातावरण निर्माणमा प्राथमिकता दिएको बताउनुभयो ।

एनआरएनका संस्थापक अध्यक्ष एवं उद्योगपति उपेन्द्र महतोले जनकपुरधामको सांस्कृतिक र धार्मिक महत्वको विषयमा विश्वसामु अझै उजागर हुन जरुरी रहेको बताउँदै होटलको निर्माणले गुणस्तरीय पर्यटनको विकासमा मद्दत पुग्ने बताउनुभयो ।

# लिपुलेक विवादले मिस्री भ्रमण अन्योलमा

दैनिक समाचारदाता

काठमाडौं २१ वैशाख । नेपाल र भारतबिच सीमा विवादको विषय फेरि बहसमा आएसँगै भारतका विदेश सचिव विक्रम मिस्रीको नेपाल भ्रमण अन्योलमा परेको छ ।

नेपाली भूभाग कालापानी, लिम्पियाधुरा, लिपुलेक क्षेत्रमार्फत कैलाश मानसरोवर यात्रा सुरु गर्ने विषयमा भारत र चीनबिच सम्झौता भएको छ । भारतको विदेश मन्त्रालयले अप्रिल ३० मा चीन सरकारसँगको समन्वयमा जुनदेखि अगस्टसम्म कैलाश मानसरोवर यात्रा सञ्चालन गरिने घोषणा गरेको थियो ।

सो सम्झौतालाई लिएर नेपालले दुवै देशप्रति कूटनीतिक नोटमार्फत आपत्ति जनाइएको प्रस्ट पारेको छ । परराष्ट्र मन्त्रालयले आइतबार प्रेसनोट सार्वजनिक गर्दै सन् १८१६ को सुगौली सन्धि अनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालकै भू-भाग भएकोमा सरकार अडिग रहेको स्पष्ट पारेको थियो ।

नेपाली भूमि लिपुलेक हुँदै आयोजना हुने भनिएको यात्राका सम्बन्धमा नेपालले आफ्नो स्पष्ट अडान भारत र चीन दुवै पक्षलाई पुनः अवगत गराइसकेको सरकारले प्रेस नोटमार्फत जनाएको हो । उक्त क्षेत्रमा सडक निर्माण, व्यापार वा तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न भारतलाई निरन्तर आग्रह गर्दै आएको पनि परराष्ट्र मन्त्रालयले जनाएको छ ।

परराष्ट्र मन्त्रालयले जारी गरेको प्रेस नोटपछि भारतीय विदेश मन्त्रालयले प्रेस नोट जारी गर्दै नेपालको दाबीलाई अवस्वीकार गरेको छ ।

भारतीय विदेश मन्त्रालयले सार्वजनिक गरेको वक्तव्यमा लिपुलेक नाका सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका



लागि प्रयोग हुँदै आएको र यो कुनै नयाँ विकास नभएको उल्लेख गर्दै भारतले यस्ता क्षेत्रीय दाबीहरू ऐतिहासिक तथ्य र प्रमाणमा आधारित नभएको जनाएको छ । भारतले नेपालसँग द्विपक्षीय सम्बन्धअन्तर्गत रहेका सबै विषयमा रचनात्मक संवादका लागि तयार रहेको पनि भनेको छ ।

दुई देशको सीमा विवादका कारण सचिव मिस्रीको नेपाल भ्रमण पनि अन्योलमा रहेको स्रोत बताउँछ । यसअघि मिस्रीको नेपाल भ्रमणका क्रममा प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहसँग भेट हुने/नहुने भन्ने द्विविधामा केन्द्रित थियो । अहिले सीमा विवाद सतहमा आएपछि झन् अन्योल भएको हो ।

मिस्रीको नेपाल भ्रमण वैशाख २८ गतदेखि सुरु हुने भनिएको थियो तर परराष्ट्र मन्त्रालयले भ्रमणको त्यस्तो कुनै औपचारिक निर्णय नभएको बताएको छ ।

बालेनलाई भारतको भ्रमणको औपचारिक निमन्त्रणा दिन भारतीय विदेश सचिव मिस्री नेपाल आउन लागेका थिए, तर प्रधानमन्त्री बालेनले भेट्ने निश्चित नगरेपछि त्यतिबेला नै भ्रमण अनिश्चित बनेको थियो । यद्यपि तयारी दुवैतर्फ चलिरहेको थियो । यो विवादले झन् अन्याल थपिएको स्रोतको भनाइ छ ।

भारतीय विदेश सचिव मिस्री नेपाल भ्रमणमा नआए पनि परराष्ट्रमन्त्री शिशिर खनाल भने भारत भ्रमणमा जाने बुझिएको छ । भारतमा हुन गइरहेको ब्रिक्स परराष्ट्र मन्त्रीहरूको सम्मेलनमा उनी त्यहाँ जाने परराष्ट्र मन्त्रालयले स्रोतले जनाएको छ । यसबारे पनि परराष्ट्रले आधिकारिक जानकारी दिन मानेको छैन ।

# शेखर गोल्छालाई धरौटीमा छाड्न सर्वोच्चको आदेश

दैनिक समाचारदाता

काठमाडौं, २१ वैशाख । सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छाड्न आदेश दिएको छ ।

शेखर गोल्छाकी पत्नी सीमा गोल्छाले दायर गरेको बन्दीप्रत्यक्षीकरणको निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले उनलाई धरौटी वा जमानतमा छाड्न नसकेमा मात्रै थुनामा राख्न आदेश दिएको हो ।

न्यायाधीशहरू महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको इजलासले उनलाई धरौटी वा जमानतमा नै छाड्न सकिने अवस्था हुँदा अनुसन्धान अधिकारीले थुनामा




राख्न अनुमति लिएको भन्दै त्यसको प्रक्रिया नै खारेज गरेको हो । उनी गत ११ वैशाखमा पक्राउ परेका थिए । नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा थप अनुसन्धान गर्न भन्दै उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले उनलाई पक्राउ गरेको थियो ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४



सामाजिक सञ्जालको प्रयोगमा सतर्कता अपनाऔं ।

*सामाजिक सञ्जालमा:*

- जातीय, धार्मिक, सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुऱ्याउने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा तथा आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुऱ्याउने,
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

*जस्ता विषयवस्तु पोस्ट, सेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४